# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

**BHARATPUR METROPOLITAN CITY**

**Office of Municipal Executive**

Bharatpur, Chitwan, Bagmati Province, Nepal


### पशु सेवा कार्यक्रममा प्रस्तावना आव्हानको सूचना
**सूचना नं. २-२०७८/०७९ (पशु सेवा)**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७८/०६/१४**

आ.व. २०७८/०७९ मा संघीय सशर्त कार्यक्रम तर्फ भरतपुर महानगरपालिका अन्तर्गत तपसिलका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक गाइभैंसीपालक एवं मत्स्यपालक कृषक समुह/सहकारी संस्थाहरूले तोकिएका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन (२०७८/०७/१२ गते) भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । यस विषयमा थप जानकारीको लागि कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा (०५६-५३२०३७) वा नजिकका पशु सेवा केन्द्रहरूमा सम्पर्क गर्न सकिने छ ।

**कार्यक्रमहरू**

१. गाईभैंसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन ।

२. माछाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन ।

**निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरू**

१. सम्बन्धित निकायमा समुह/सहकारी दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

२. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको संझौतानामा ।

३. निवेदकको नेपाली नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

४. कार्य समितिको निर्णयको प्रतिलिपी ।

५. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को अनुसूचि-६ को पकेट स्थापना गरिपाउँ भन्ने निवेदन, अनुसूचि- ७ को आधारभूत तथ्याङ्क विवरण र अनुसूचि-१० को अनुदानका लागि आवेदन फाराम भरी पेश गर्नुपर्ने छ ।

..............................

रामबन्धु सुवेदी

**प्रमुख प्रशासकीय अधिकृत**